इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुनसरी,१ नं. प्रदेश नेपाल

शिक्षा, युवा तथा खेलकुद शाखा

प.सं: ०७९ ८०
च.नं: १८५०

मिति:२०७९।१०।१६

**विषय:- कार्यक्रममा सहभागीता सम्बन्धमा।**

श्री माध्यमिक विद्यालयहरु सबै,
इनरुवा नगरपालिका सुनसरी।

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यहि मिति २०७९ साल फागुन ८ देखि १० गते सम्म सुनसरी बहुमुखि क्याम्पसको प्राङ्गडमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता सञ्चालन गरिने भएकोले सो प्रतियोगितामा त्यस विद्यालयबाट सहभागिताका लागि अनुरोध छ।

**प्रतियोगितामा सहभागी हुने विद्यालयले पालना गर्नुपर्ने शर्तहरु तपसिल बमोजिम हुनेछन।**

१. प्रतियोगिताका सहभागीहरु कक्षा ९ देखि कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरु हुनपर्नेछ। ति आवेदक सहभागी विद्यार्थीहरु सम्बन्धित विद्यालयको यसै शैक्षिक सत्र २०७९ को iemis मा दर्ता भएका हुनुपर्ने छ।

२. प्रतियोगिताका सहभागीहरुले अनिवार्य रुपमा आफ्नो जन्म दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

३.प्रतियोगितामा भाग लिने प्रत्येक खेलाडीले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सञ्चालन निर्देशिका २०७० को अनुसुची १ बमोजिमको फारम अनिवार्य रुपमा भरी सम्बन्धित विद्यालयको प्र.अ.ले प्रमाणित गराई मिति २०७९ साल माघ मसान्त भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ, साथै आवेदन फारममा सहभागी हुन चाहने विद्यार्थीको पासवर्ड साइजको फोटो टाँस गरेको हुनुपर्ने छ र प्र.अ.ले प्रमाणित गरेको विवरण सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्र.अ. स्वयम जिम्मेवार हुनुपर्नेछ।

३. आवेदनको साथमा सहभागी प्रत्येक विद्यार्थीको कक्षा आठ उत्तिर्ण गरेको प्रतिलिपि अनिवार्य समावेश गरी पेस गर्नुपर्ने छ। सहभागीहरुको उमेर १८ वर्ष भन्दा मुनिका हुनुपर्ने छ।

४.प्रतियोगितामा सहभागी खेलाडीको पोशाक, विद्यालयको झण्डा र प्रतियोगितामा सहभागी हुने सम्बन्धित विद्यालयका खेलाडीहरुको यातायात,खाना,लगाएतका अन्य सम्पूर्ण खर्च विद्यालय आफैले व्यवस्था गर्नुपर्नेछ।

५.प्रतियोगितामा एथ्लेटिक्स तर्फ एक ट्रयाक दुई फिल्ड वा दुई ट्रया दुई फिल्ड मात्र सहभागी हुन पाईनेछ।

६. तोकिएको मिति पछि प्राप्त हुन आएको सहभागी आवेदनलाई मान्यता दिइनेछैन साथै खेलाडी परिवर्तन गर्न पाइनेछैन।

७. प्रत्येक विद्यालयले भलिबल तथा कबड्डी खेल तर्फ बढीमा ९/९ जना खेलाडी छात्र,छात्राहरु पठाउन सकिनेछ।

८. प्रतियोगिताका सहभागी विद्यार्थीले भर्नुपर्ने फाराम र प्रतियोगितामा खेलाइने खेलहरुको विवरण यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ।

२०७९।१०।१६

नि. प्रमुख प्रशासकीय अधिकृत

Website: www.inaruwamun.gov.np
Email: edu.inaruwamun@gmail.com

CamScanner

प्रतियोगिता मा समावेश हुने खेलहरु

| खेलको नाम | खेलाडी संख्या | कैफियत |
| --- | --- | --- |
| **१. भलिबल** | | |
| छात्र | ९ | |
| छात्रा | ९ | |
| **२.कबड्डी** | | |
| छात्र | ९ | |
| छात्रा | ९ | |
| **३. एथलेटिक्स** | | |
| **क) दौड** | | |
| छात्र १०० मि, २०० मि,४०० मि,८०० मि,१५००मि,३००मि, ४*१०० मि. रिले र ४*४००मि रिले | | |
| छात्रा १०० मि, २०० मि,४०० मि,८०० मि,१५००मि,३००मि, ४*१०० मि. रिले र ४*४००मि रिले | | |
| **ख) उफ्रिने र फ्याक्ने तर्फ** | | |
| छात्र हाइजम्प,लङ्गजम्प, ज्याभलिङ् थ्रो ८०० ग्राम र सटफूट १२ पाउण्ड | | |
| छात्रा हाइजम्प,लङ्गजम्प, ज्याभलिङ् थ्रो ६०० ग्राम र सटफूट ८ पाउण्ड | | |

नि· प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूची -१

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

प्रतियोगिता सहभागी हुन भर्नुपर्ने फारम

दफा (४) को उपदफा (१) र उपदफा (६) को उपदफा (१) दफा ८ को उपदफा (१) सम्बन्धित

१. सहभागी विद्यार्थीको नाम -

२ विद्यालयको नाम ठेगानाः-

३. अध्ययनरत कक्षाः-

४. जम्म तितिः-

५. सहभागी हुने खेलः-

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर ;-

उल्लेखित व्यहोरा ठिक साचो हो भनी प्रमाणित गर्ने,

प्रधानाध्यापकको नाम.-

हस्ताक्षरः-

मितिः-

मोबाइल नं.

विद्यालयको छापः-

मितिः-